सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ।
(आ.व. २०८३/०८४ को प्रथम त्रयमासिक विवरण)

१. **निकायको स्वरुप र प्रकृतिः** सिन्धु बिकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम स्थापन भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित ५ जिल्ला (सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा, चितवन र मकवानपुर) कार्य क्षेत्र भएको "ख" वर्गको बिकास बैंक।

२. **निकायको काम, कर्तव्य र अधिकारः** यस बिकास बैंकको काम, कर्तव्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिम रहेको छ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्यविवरणः** यस बिकास बैंकमा हाल **१७०** जना कर्मचारी रहेका छन र निजहरुको कार्य विवरण समय समयमा बैंकले तोके बमोजिम हुनेछ।

४. **निकायबाट प्रदान गरिने सेवाः** यस बिकास बैंकले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" बर्गको बिकास बैंकले प्रदान गर्न सक्ने सेवाहरु रहेका छन।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** यस बिकास बैंकका शाखा कार्यालयहरु र सो शाखा कार्यालयहरुका जिम्मेवार अधिकारीहरुको विवरण बैंकको आधिकारीक वेबसाईट www.sindhubank.com.np मा उपलब्ध रहेको छ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः** बिकास बैंकले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी बैंकको आधिकारीक वेबसाईटमा उपलब्ध हुनेछ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** यस बिकास बैंकको बैंकिङ्ग कारोवारका सम्बन्धमा बिभिन्न तहका अधिकारीहरुले बिभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रिकृत अख्तियारीको व्यवस्था मिलाइएको छ। दैनिक कार्य संचालनका लागि बैंकका प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** यस बिकास बैंकमा प्राप्त गुनासो, उजुरी तथा सुझावहरु उपर गम्भिरता पूर्वक मनन् गरी उक्त उजुरी एवं सुझावहरु समाधान तथा कार्यन्वयन गर्ने गरिएको छ। केन्द्रिकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारी रुपमा रहनु हुनेछ।

९. **सम्पादन गरेको कामको विवरणः** यस बिकास बैंकले, बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम "ख" वर्ग अन्तर्गतका बिकास बैंकले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण बैकिङ्ग कार्यसंग सम्वन्धीत विवरणहरु त्रैयमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ। साथै बैंकको वेबसाइटमा पनि सूचनाहरु राखिएको छ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पदः**

सूचना अधिकारीको नाम : श्री प्रमोद न्यौपाने, सहायक प्रमुख कार्यकारी अधिकृत
सिन्धु बिकास बैंक लि., कर्पोरेट कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक।
फोन न. ०११-६६२३४०/४१
मेवाइल नं. ९८५१४५३८६७

प्रमुखको नाम : श्री गणेश कुमार के.सी., प्रमुख कार्यकारी अधिकृत
सिन्धु बिकास बैंक लि., कर्पोरेट कार्यालय, बनेपा, काभ्रेपलाञ्चोक।
फोन न. ०११-६६२३४०/४१/५०/५१

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः** नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी राखिएको छ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः** संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गर्नुकासाथै सो विवरणहरु संस्थाको आधिकारिक वेबसाइट www.sindhubank.com.np मा समेत अद्यावधिक गरिएको छ।

१३. **तोकिए बमोजिमका अन्य विवरणः** नियमअनुसार तोकिए बमोजिमको अन्य विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिनुका साथै संस्थाको वेबसाइट www.sindhubank.com.np मा समेत अद्यावधिक गर्ने गरिएको छ।

१४. **अधिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः** संस्थाले गर्ने नियमित कार्यक्रम, बैकको बिभिन्न शाखाहरुमा संचालित वित्तीय साक्षरता कार्यक्रम एवं कर्मचारीहरुलाई दिईएको तालिम बाहेक अन्य कार्यक्रम नभएको।

१५. **निकायको वेबसाईट भए सोको विवरणः** www.sindhubank.com.np

१६. **निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** नभएको।

१७. **निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः** संस्थाले गर्ने नियमित कार्य बाहेक अन्य कार्य नभएको। साथै बैंकको बार्षिक प्रतिवेदन एवं त्रैयमासिक आर्थिक विवरणहरु बैंकको वेबसाइटमा अद्यावधिक गरिएको।

१८ **निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः** संस्थाले आफ्नो वित्तीय कारोबारको सिलसिलामा विभिन्न सूचनाहरू निकाल्ने गरेको तर त्यस्तो सूचना वर्गीकरण भने नगरिएको।

१९. **निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** पेश भए बमोजिम दिएको।

२०. **निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः** संस्थाले आफ्नो वित्तीय कारोबारको सिलसिलामा नियमित रुपमा विभिन्न सूचना प्रकाशित गर्ने गरेको। उक्त सूचनाहरू विशेष गरी वित्तीय विवरण, ऋण असुली तथा संस्थाद्वारा प्रदान गरिने सेवा सुविधाहरूको बारेमा हुने गरेको।

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
प्रधान कार्यालयः बाह्रबिसे-८, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालयः बनेपा, काभ्रे, फोनः ०११-६६२३४०/४१, टोल फ्रि नं. १६६०११२२०१०
E-mail: info@sindhubank.com.np, Website: http://www.sindhubank.com.np